कनकासुन्दरी गाँउपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सिराद , सिंजा जुम्ला
कर्णाली प्रदेश, नेपाल

phone- 17-४९६६१५१७
website- www.kankasundarimun.gov.np
Web-mail:- info@kankasundarimun.gov.np
Mail:- im.kankasundarimun@gmail.com


प.सं. : ०७७/०७८
च.नं :- 620

सेवा करारमा पदपुर्ती गर्ने सम्बन्धमा सुचना
पहिलो पटक प्रकाशित मिति २०७७।०९।[illegible]

युनिसेफ नेपालको आर्थिक सहयोगमा यस कनकासुदरी गाँउपालीकामा २०७७।०७८ को जलावायु उर्जा तथा वातावरण कार्यक्रम कार्यान्वयन गर्न तर्पासिल बमोजिमका कर्मचारी करारमा पदपुर्ती गर्नु पर्ने भएकोले योग्यता पुगेको ईच्छुक नेपाली नागरिकले सुचना प्रकाशित भएको मितिले १५ दिन भित्र दरखास्त पेश गर्नु हुन यो सुचना प्रकाशन गरिएको छ ।

| क्र.स | विज्ञापन नं | पद | तह | संख्या | परिक्षा दस्तुर |
|---|---|---|---|---|---|
| १ | १३।२०७७।८८ | जलवायु,उर्जा तथा वातावरण कार्यक्रम अधिकृत | स्थानिय सेवाको करार छैटौं १ सो सरह | १ | रु १००० (एक हजार ) |

**१.आवश्यक न्यूनतम शौक्षिक योग्यता**

क. मान्यताप्राप्त शिक्षण संस्थावाट कम्तिमा स्नातक तह उतिर्ण गरेको

ख. जलवायु परिवर्तन, उर्जा तथा वातावरण तथा विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन र वा सामाजिक परिचालनको क्षेत्रमा कम्तिमा तिन वर्ष कार्य अनुभव भएको ।

ग. आधारभूत कम्प्युटर सीप (Microsoft word, excel and power point presentation, email and internet) भएको ।

घ.नेपाली नागरीक हुनु पर्ने ।

ङ.करार सेवाका लागी कुनै पनि कानुनले अयोग्य नठहरिएको ।

च.जलवायु परिवर्तन,उर्जा तथा वातावरण कार्यक्रममा काम गरेका व्यक्तिलाई विशेष प्रथामिकता दिईने छ ।

**२.दरखास्त दिने स्थान :** कनकासुन्दरी गाँउपालीकाको कार्यालय सिराद जुम्ला ।

**३. दरखास्त दिने अन्तिम मिति :** २०७७।१०।११ गते कार्यालय समय भित्र ।

**४.उमेर :** १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको ।

**५.छनौटको किसिम** : प्रारम्भिक योग्यता क्रमको सुची प्रकाशन,लिखित र अन्तर्वार्ता ।

**६.आवेदन साथ संलग्न गर्नु पर्ने** कागजातहरु : आवेदन स्वयंले प्रमाणित गरेको देहाय बमोजिम कागजातका प्रतिलिपिहरु

क) नेपाली नागरिकता ख) न्यूनतम योग्यताको लब्धांक पत्र ग) चारित्रिक प्रमाण पत्र घ) दुई प्रति पासपोर्ट साईजको फोटो ङ) कम्तीमा तिन वर्ष काम गरेको कार्य अनुभवको प्रमाणपत्र

**७) सेवा सुविधा : युनिसेफ** नेपालले तोके अनुसार र चाँडपर्व खर्च बार्षिक एक महिना बराबर प्रदान गरिने छ ।

**८) सम्पादन गर्नु पर्ने कार्य** विवरण :

क) गाउँपालिकाद्वारा आयोजना गरिने जलवायु परिवर्तन, उर्जा तथा वातावरण तथा विपद् जोखिम न्यूनिकरण कार्यक्रमको अभिमुखीकरण कार्यशालामा कार्यक्रमको बारेमा विस्तृत प्रस्तुतीकरण गर्ने र सो क्रममा उठेका प्रश्न एवम् जिज्ञासाहरुको उचित सम्बोधन गर्ने ।

ख) जलवायु परिवर्तन, उर्जा तथा वातावरण कार्यक्रम कार्यहरु सम्पन्न गर्न सम्बन्धित सरोकारवालाको क्षमता विकास (तालिम, गोष्ठी तथा बैठकहरु) सहजीकरण गर्ने ।

ग) जलवायू परिवर्तन, उर्जा तथा वातावरण सवालमा विद्यालय व्यवस्थापन समिति, स्वास्थ्य संस्था व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, बाल क्लब तथा शिक्षकहरुको क्षमता अभिवृद्धि तालिम, बैठक,गोष्ठी तथा कार्यशालाहरुको आयोजना तथा सहजीकरण गर्ने ।

घ) विद्यालय, स्वास्थ्य संस्था, वडा तथा गाउँपालिकास्तरमा, महिला स्वास्थ्य स्वयं सेविका हरुको, आमा समूह, विभिन्न ऋण तथा बचत समूह, बाल क्लब तथा बाल क्लब संजालहरुको क्षमता अभिवृद्धि तथा गठन पुनर्गठन गर्ने र गराउन सहयोग गर्ने। तथा योजना अनुसार भए र नभएको सुनिश्चित गर्ने।

ङ) वडास्तरमा विपद् व्यवस्थापन समितिको गठन, पुर्नगठन तथा क्षमता विकास प्रकृयामा सहजीकरण र क्षमता विकास गर्ने / गराउने ।

च) गाउँ कार्यपालिका पदाधिकारी ज्यूहरु एवम् प्रमूख प्रशासकीय अधिकृतको विपद् जोखिम न्यूनिकरण समितिको मासिक कार्यक्रम समिक्षा बैठक आयोजना तथा सहजीकरण गर्ने ।

**९) समन्वय तथा सहकार्य**

क) जलवायु परिवर्तन तथा वातावरण विपद् जोखिम न्यूनिकरण कार्यक्रमको प्रभावकारी कार्यान्वयन तथा अनुगमनका लागि गाउँ कार्यपालिका, प्रमूख प्रशासकीय अधिकृत, विषयगत शाखाहरु विद्यालय, स्वास्थ्य संस्थाहरु तथा यस क्षेत्रमा कार्य गरीरहेका अन्य सरोकारवाला निकायहरुसंग नियमित रुपमा सम्पर्क, समन्वय तथा सहकार्य स्थापित गर्ने ।

**१०) परिक्षाको किसिम र मिति** : लिखित परिक्षा २०७७।१०।१३ बिहान ११ वजे कनकासुन्दरी गाँउपालीका बिराट जुम्लामा हुनेछ भने अर्न्तवार्ता लिखित परिक्षामा उर्तिण हुने व्यक्तिलाई मात्र मिति २०७७।१०।१४ गते बिहान ११ बजे हुनेछ

**नोट** : दरखास्त आवह्वान फाराम र अन्य जानकारीकाको लागी कनकासुन्दरी गाँउपालीकाको वेवसाइट www.kankasundarimun.gov.np मा कार्यलयको प्रशासन शाखाबाट उपलब्ध हुनेछ ।

नैनसिंह बुढा
प्रमुख प्रशासकिय अधिकृत